# मेलौली नगरपालिकाको आर्थिक वर्ष २०८३/ ०८४ को नीति तथा कार्यक्रम

यस मेलौली नगरपालिकाका नगर उपप्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
विषयगत शाखाका शाखा प्रमुखज्यूहरू,
अन्य कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सञ्चारकर्मीहरु र उपस्थित महानुभावहरु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकाङ्क्षा बमोजिम विभिन्न विषय क्षेत्रसंग सम्बन्धित सरोकारवाला तथा नगरवासीहरूको अमूल्य सुझावहरूको सहयोगमा तयार गरिएको यस मेलौली नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम, यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

यस अवसरमा २०८२ भाद्र २३ र २४ गते युवा पुस्ताको ऐतिहासिक सहभागीतामा भएको आन्दोलन तथा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न काल खण्डका राजनैतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।यी आन्दोलनको अग्रपङ्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु।
नगर स्थापनाकालदेखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्व गर्नु हुने सबै अग्रज व्यक्तिहरू प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

जनआकांक्षा र स्थानीय आवश्यकताका आधारमा स्थानीय स्रोत-साधनको अत्याधिक परिचालन मार्फत नगरको सर्वाङ्गीण विकासलाई मूख्य प्राथमिकता दिई समावेशी विकासको मार्गमा अगाडि बढ्न जनप्रतिनिधि, राजनैतिक दल, समाजसेवी तथा नगरवासी सबैको सद्भाव, समन्यव र सहकार्य अत्यन्त जरूरी छ।

यस मेलौली नगरपालिकाको यस सम्मानीत आ.व. २०८३/०८४ को प्रथम नगरसभामा आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी नगरसभामा आतिथ्यता ग्रहण गरिदिनुहुने नगर सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

**नगरसभा सदस्यहरु**

अब म मेलौली नगरपालिकाले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताका क्षेत्र तथा प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

**प्राथमिकताका क्षेत्रहरुः**

क) आर्थिक विकास

ख) सामाजिक विकास

ग) पूर्वाधार विकास तथा खानेपानी

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

ङ) कानून, सुशासन तथा संस्थागत विकास क्षेत्र

**नीति तथा कार्यक्रमका प्राथमिकताहरुः**

क) सार्वजनिक सेवाको सुदृढिकरण र सुशासनको प्रत्याभुति,
ख) गुणस्तरीय स्वास्थ्य तथा शिक्षा,
ग) उत्पादनशिल र आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास,
घ) उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि,
ङ) वातावरण अनुकूलन एवम् दिगो पूर्वाधार विकास,
च) दिगो, पूर्ण र उत्पादनशील सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभूति,
छ) स्वच्छ खानेपानी तथा सरसफाई,
ज) विकासका अवसरहरुमा समन्यायिक पहुँच,
झ) लैङ्गीक समानता र सामाजिक समावेशीकरण
ञ) धार्मिक पर्यटन प्रवर्द्धन तथा खेलकूद विकास र प्रशिक्षण
ट) लघु उद्यम, होजियारी गारमेन्ट उद्योगका लागि सीप विकास तथा प्रविधि सहयोग
ठ) लक्षित वर्ग तथा अन्य वर्गको लागि सीप विकास तथा प्रविधि सहयोग

अव म आगामी आ.व. २०८३/८४ का लागि यस नगरपालिकाले आत्मसाथ गर्ने प्रमुख नीतिगत मार्गदर्शन प्रस्तुत गर्न चाहन्छु।

१. गुणस्तरीय स्वास्थ्य सेवा, शिक्षा, कृषि, रोजगारी, सामाजिक सुरक्षा तथा नागरिकको समन्यायिक पहुँच सुनिश्चित गर्दै स्वस्थ, शिक्षित, आत्मनिर्भर र समृद्ध नगर निर्माण गरिनेछ।

२. सार्वजनिक सेवाको सुदृढीकरण, सुशासन, पारदर्शिता, प्रविधिमैत्री सेवा प्रवाह, जनउत्तरदायी प्रशासन तथा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाई सेवामुखी स्थानीय सरकारको विकास गरिनेछ।

३. कृषि, पर्यटन, उद्योग, व्यापार, उद्यमशीलता तथा स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, आर्थिक क्रियाकलाप विस्तार र आन्तरिक आय अभिवृद्धिमा जोड दिइनेछ।

४. जनसहभागितामा आधारित दिगो, गुणस्तरीय तथा समन्यायिक पूर्वाधार विकास गर्दै विकासका प्रतिफलको न्यायोचित वितरण सुनिश्चित गरिनेछ।

५. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, विपन्न तथा लक्षित वर्गको सशक्तिकरण, सीप विकास, उद्यम प्रवर्द्धन, लैङ्गिक समानता र सामाजिक न्यायका कार्यक्रम सञ्चालन गरिनेछ।

६. वातावरण संरक्षण, वैज्ञानिक फोहर व्यवस्थापन, हरियाली प्रवर्द्धन, प्लाष्टिक न्यूनीकरण तथा स्वच्छ, सफा र वातावरणमैत्री नगर निर्माणमा जोड दिइनेछ।

७. सम्भावित विपद् तथा जोखिमको पहिचान, पूर्वतयारी, उद्धार, राहत, पुनःनिर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउँदै सुरक्षित तथा उत्थानशील नगर निर्माण गरिनेछ।

८. स्थानीय भाषा, साहित्य, कला, संस्कृति, धार्मिक तथा पर्यटकीय सम्पदाको संरक्षण, अभिलेखीकरण, प्रवर्द्धन तथा खेलकुद विकासमार्फत नगरको पहिचान र पर्यटन प्रवर्द्धन गरिनेछ।

९. स्थानीय शासनका हरेक क्षेत्रमा नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व, न्यायमा सहज पहुँच तथा सुसंस्कृत लोकतान्त्रिक शासन प्रणालीको विकास गरिनेछ।

१०. कर प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाउँदै राजश्वका नयाँ स्रोतहरूको खोजी गरी वित्तीय सुदृढीकरण गरिनेछ ।

नगरसभा सदस्यहरु

अब म आ.व. २०८३/८४ को क्षेत्रगत नीतिगत मार्गदर्शन प्रस्तुत गर्न चाहन्छु।

**क) आर्थिक विकास क्षेत्र**

**१. कृषि तथा पशुपन्छी**

१. बाँझो कृषि भूमिको दिगो उपयोग गर्दै व्यवसायिक, आधुनिक, प्रविधिमैत्री तथा उत्पादनमुखी कृषि प्रणालीको विकास गरिनेछ।

२. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रविधि हस्तान्तरण, कृषि तालिम, कृषक पाठशाला, कृषक भ्रमण तथा कृषि उपकरण वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्द्धनका लागि प्लाष्टिक घर निर्माण, उन्नत बीउबिजन वितरण तथा व्यावसायिक तरकारी खेतीमा जोड दिइनेछ।

४. "रैथाने बालीमा गर्व गरौं" भन्ने मूल नाराका साथ परम्परागत, पोषणयुक्त तथा स्थानीय रैथाने बालीको संरक्षण, उत्पादन, प्रशोधन, प्याकेजिङ तथा बजारीकरणमा सहयोग गरिनेछ।

५. जैविक खेती, प्राकृतिक कृषि प्रणाली तथा रासायनिक विषादीको सुरक्षित प्रयोगलाई प्रवर्द्धन गर्दै वातावरणमैत्री कृषि प्रणाली विकास गरिनेछ।

६. कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक प्रकोपबाट हुने क्षतिको राहत, बीमा तथा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

७. "समृद्ध मेलौली नगरपालिकाको आधार, आधुनिक कृषि, पर्यटन र स्वरोजगार" भन्ने मूल नाराका साथ कृषि तथा पशुपन्छी उत्पादनमार्फत आत्मनिर्भरता, निर्यात प्रवर्द्धन र स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ।

८. कृषि समूह, सहकारी तथा युवा लक्षित कृषि परियोजनालाई अनुदान, उत्पादनमा आधारित प्रोत्साहन तथा आवश्यक कृषि सामग्रीमा सहुलियत उपलब्ध गराइनेछ।

९. जडिबुटी, फलफूल तथा उच्च मूल्यका कृषिजन्य उत्पादनको व्यावसायिक खेती, नर्सरी स्थापना तथा बजारीकरणमा जोड दिइनेछ।

१०. कृषकहरूमा प्रतिस्पर्धात्मक भावना विकास गर्न कृषि प्रदर्शनी मेला, उत्कृष्ट कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

११. पशुपन्छीको नश्ल सुधार, कृत्रिम गर्भाधान, भ्याक्सिनेशन तथा आधुनिक पशुपालन प्रविधि विस्तारमार्फत पशु उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

१२. बाख्रापालन, भैँसीपालन, कुखुरापालन, खरायोपालन लगायतका पशुपालन व्यवसायलाई दिगो, व्यवसायिक र प्रविधिमैत्री बनाइनेछ।

१३. पशु स्वास्थ्य सेवा प्रभावकारी बनाउन प्रयोगशाला सेवा, निःशुल्क पशु स्वास्थ्य शिविर, रोग नियन्त्रण तथा जुनोटिक रोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१४. पशुपालक कृषकहरूलाई सुलभ ऋण, पशु बीमा, हरियो घाँस प्रवर्द्धन, दुग्ध परिकार तालिम तथा आवश्यक सामग्रीमा अनुदान उपलब्ध गराइनेछ।

१५. पशुपन्छी तथा मत्स्यसम्बन्धी तथ्याङ्कलाई प्रविधिमा आधारित बनाई प्रभावकारी अनुगमन, परामर्श सेवा तथा टोलस्तरमै प्राविधिक सेवा विस्तार गरिनेछ।

१६. **"एक गाउँ, एक प्राविधिक कार्यक्रम"** लाई निरन्तरता दिइ कृषि तथा पशुपन्छी क्षेत्रका प्राविधिक सेवाहरूलाई टोल तथा गाउँस्तरसम्म विस्तार गरिनेछ।

१७.खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न जलवायू-स्मार्ट कृषि तथा कृषि-वन प्रणाली, प्राकृतिक स्रोतहरुको दिगो उपयोग लगायत सामुदायिक वन व्यवस्थापन र वातावरण संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

## २. सिँचाई :

१. परम्परागत सिँचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाई स्रोतको पहिचान गरिने छ ।

२. कृषि योग्य जमिनमा सिँचाईको पहुँच वृद्धि गर्न दिगो सिँचाई प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ।

३. सिचाइँको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरि प्राथमिकताको सूची तयार गरिनेछ ।

४. सतह सिँचाईको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिँचाई गर्न योजना तथा लागत इष्टिमेट तयार गरिनेछ ।

## ३. पर्यटन :

१ पर्यटन व्यवसायको गुणस्तर अभिवृद्धि गर्दै पर्यटकीय स्थलहरूको प्रचारप्रसार, प्रवर्द्धन तथा पर्यटनमैत्री वातावरण निर्माण गरिनेछ।

२ धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण, पुनःनिर्माण, अभिलेखीकरण र व्यवस्थापन गरिनेछ।

३ पर्यटकीय पूर्वाधार विकास, मानव संसाधन क्षमता अभिवृद्धि तथा निजी क्षेत्रसँगको सहकार्यमार्फत पर्यटन क्षेत्रलाई आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गरिनेछ।

४ स्थानीय भाषा, कला, संस्कृति, साहित्य, लिपी तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्दै साँस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ।

५ आधुनिक सूचना प्रविधि तथा सामाजिक सञ्जालमार्फत पर्यटकीय क्षेत्रहरूको प्रभावकारी प्रचारप्रसार गरिनेछ।

६ मेलौली भगवती मन्दिर लगायत नगर क्षेत्रभित्रका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरूको विकास, स्तरोन्नति तथा राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिनेछ।

७ मेलौली भगवती मन्दिर परिसर निर्माणको बाँकी कार्य सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।

## ४. उद्योग, व्यापार, र व्यवसाय :

१. नगरपालिकाभित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाइनेछ ।

२. स्थानीय स्रोत, सीप, जनशक्ति र साधनको अधिकतम परिचालन गरिनेछ ।

३. उत्पादित वस्तुहरुको विक्री वितरणका लागि बजार तथा हाट बजारको व्यवस्थापन गरिनेछ ।

४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण अंगको रूपमा विकास गरिनेछ ।

५. जडीवुटी उत्पादन, प्रसोधन तथा निकासीमा जोड दिइनेछ ।

६. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइने छ र साना उद्योगहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

७. स्थानीयस्तरमा सञ्चालित होजियारी गारमेन्ट उद्योग, लघुउद्यम, उत्पादनशील उद्योग एवं लक्षित वर्ग तथा अन्य वर्गका लागि सीप विकास र प्रविधि हस्तान्तरणमा अनुदान तथा सहयोगको व्यवस्था गरिनेछ ।

८. एक स्थानीय तह, एक ग्राम उद्योग अन्तर्गत मेलौली नगरपालिका ५ को डि.पि.आर. अनुसार काम अगाडि बढाउन बाँकी रहेका कार्यहरु यथाशिघ्र सम्पन्न गर्न सरोकारवालासंग समन्वय गरी कार्यक्रमलाई अगाडि बढाइनेछ ।
९. नगरपालिकाभित्र कार्यालय प्रयोजनका सामग्री खरीद गर्दा स्थानीय उद्योगका उत्पादनलाई पहिलो प्राथमिकता दिइनेछ ।
१०. घरेलु, साना तथा लघु उद्यमको प्रवर्द्धनका लागि मागमा आधारित सीपमूलक तथा उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ।
११. "उद्यमशील युवा, आत्मनिर्भर नागरिक; समृद्ध मेलौलीको आधार।" स्थानीय स्रोत, साधन र सीपमा आधारित उद्यम व्यवसायमार्फत बेरोजगार युवा–युवतीलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
१२. नयाँ उद्यमी सिर्जना, परम्परागत उद्यमको स्तरोन्नति, प्रविधि हस्तान्तरण तथा बजारीकरणमा सहयोग गरिनेछ।
१३. लघु, घरेलु तथा साना उद्योगको संरक्षण, प्रवर्द्धन र लगानी आकर्षणका लागि औद्योगिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
१४. स्वदेश तथा विदेशबाट सीप हासिल गरेका युवाहरूलाई उद्यम स्थापना तथा वित्तीय पहुँच विस्तारका लागि सहजीकरण गरिनेछ।
१५. सामूहिक उद्यम विकासलाई प्रोत्साहन गर्न साझा सुविधा केन्द्र तथा तालिम केन्द्र स्थापना र सञ्चालनमा आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।
१६. नवप्रवर्तनमा आधारित व्यावसायिक सीप विकास तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गरी रोजगारीका अवसर विस्तार गरिनेछ।
१७. सहकारी संस्थाको प्रभावकारी नियमन, अनुगमन, सुशासन तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

## ५. श्रम, रोजगारी र सामाजिक सुरक्षा:

१ बेरोजगार युवाको अभिलेखीकरण गरी सीप विकास, उद्यमशीलता, स्वरोजगार तथा रोजगारी प्रवर्द्धनमार्फत आत्मनिर्भर र उत्पादनशील जनशक्ति विकास गरिनेछ।
२ रोजगार सेवा केन्द्रलाई सुदृढ, प्रविधिमैत्री तथा नमुना सेवा केन्द्रका रूपमा विकास गर्दै श्रम, रोजगार, सीप विकास, आप्रवासन तथा वैदेशिक रोजगार सम्बन्धी सेवा प्रभावकारी रूपमा प्रवाह गरिनेछ।
३ सुरक्षित, मर्यादित तथा उपलब्धिमूलक वैदेशिक रोजगार सुनिश्चित गर्न सूचना प्रवाह, सीप तालिम, कानुनी सहायता, श्रम स्वीकृति सेवा तथा रिटर्न नेपाल कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
४ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको ज्ञान, सीप, दक्षता र अनुभवको अभिलेखीकरण, व्यवस्थापन तथा उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ।
५ सामाजिक सुरक्षा कार्यक्रममार्फत लक्षित वर्ग, दलित, विपन्न, अपाङ्गता भएका, एकल महिला तथा जोखिममा रहेका नागरिकको सुरक्षित, सम्मानजनक र समावेशी जीवनयापन सुनिश्चित गरिनेछ।
६ सामाजिक विकृति, घरेलु हिंसा, जातीय विभेद, छुवाछुत, मदिरा तथा लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि जनचेतनामूलक तथा कानूनी कार्यक्रम सञ्चालन गरिनेछ।
७ सार्वजनिक पूर्वाधार तथा सेवाहरूलाई अपाङ्गता तथा लैङ्गिकमैत्री बनाउँदै समावेशी समाज निर्माणमा जोड दिइनेछ।
८ श्रमको सम्मान, श्रमिक अधिकारको संरक्षण तथा स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गर्दै सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ।
९ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सामुदायिक आयोजना, पूर्वाधार विकास प्रविधिमा आधारित सीप विकासलाई प्रोत्साहन गरिनेछ।
१० नगरपालिकाको दीर्घकालीन रोजगार रणनीति निर्माण गरी दक्ष, सीपयुक्त, आत्मनिर्भर तथा प्रतिस्पर्धी जनशक्ति उत्पादनमा जोड दिइनेछ।

### ६. बैंक, सहकारी

१. " एक वडा एक श्रम सहकारी, स्थानीयस्तरमा नै स्वरोजगारी" कार्यक्रम लागू गरिनेछ ।
२. पालिकास्तरमा स्थानीय  सहकारीको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
३. पालिका क्षेत्रभित्र रहेका वित्तीय सहकारी, कृषि समूह, ऋण तथा वचत समूहको कर्जा प्रवाह क्षेत्र किटान गरिनेछ । कृषि र पर्यटन क्षेत्रमा लगानीका लागि साझेदारी गरिने छ ।
४. विगतमा नेपाल सरकारवाट अनुदान पाएका, नागरिकको बचत संकलन गरेर निष्कृय रहेका सहकारी, समूह तथा संस्थाहरुलाई सक्रिय गरिनेछ ।
५. परियोजनामा आधारित लगानीको लागि वित्तिय संस्था र बैंकसंग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

## ख) सामाजिक विकास क्षेत्र

### १. शिक्षा, युवा तथा खेलकुद

#### अ) शिक्षा

१. विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्दै शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ ।
२. **विद्यालय समुदायका लागि समुदायको सहयोग विद्यालयको विकासका लागि** भन्ने मूल नाराका साथ विद्यालयलाई बालबालिकाको शैक्षिक हकको सुनिश्चितताका लागि जिम्मेवार बनाइनेछ ।
३. प्रत्येक विद्यालयमा न्यूनतम क्षमताको अवस्था (शिक्षक दरबन्दी कक्षाकोठा, पिउने पानी, शैचालय, पुस्तकालय, क्यान्टिन, विज्ञान प्रयोशाला र सूचना प्रविधि) सुनिश्चितता गरिनेछ।
४. शैक्षिक क्षमता र अत्यावश्यक पूर्वाधारको उपलव्धताका आधारमा विद्यालयको वर्गीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. प्रत्येक वर्ष शिक्षकको शिक्षणस्तर परीक्षण गर्न योग्यता परीक्षा सञ्चालन गरिनेछ। न्यूनतम अंक प्राप्त गर्न नसक्ने शिक्षकलाई सघन शिक्षक पेशागत विकास कार्यक्रममा सहभागी गराइनेछ।
६. न्यनूतम शैक्षिक भौतिक पूर्वाधार नभएका विद्यालयहरुलाई मर्जर (सामुदायिक-सामुदायिक) मा जान प्रोत्साहित गर्ने नीति लिइनेछ । विद्यालयहरुलाई राइटसाइजिङ र डाउनसाइजिङ गरी स्मार्ट स्कुलमा रुपान्तर गरिनेछ।
७. विद्यालयलाई वातावरण संरक्षण र सामाजिक विभेद (छुवाछुत, दुर्व्यवहार, हिंसा, लैङ्गिक विभेद) विरुद्ध परिचालन गरिनेछ।
८. न्यूनतम शिक्षक दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक बैंक, शिक्षण अनुदान मार्फत अंग्रेजी, विज्ञान र गणित लगायत अतिरक्त विषयका शिक्षकहरुको व्यवस्थापन गरिनेछ।
९. नगरपालिका र विद्यालयस्तरमा समयतालिकाको आधारमा विभिन्न प्रकारका खेलकूद प्रतियोगिताहरु सञ्चालन गरी खेलकूदको प्रवर्द्धन गरिनेछ ।
१०. अपाङ्गता भएका, कुष्ठरोग संक्रमित, दीर्घरोगी, एच.आइ.भि. संक्रमित तथा दीर्घ रोगले ग्रसित र विशेष शिक्षा (मलाई अवसर देउ, म सिक्न सक्छु) दिनुपर्ने आवश्यकता भएका बालबालिकाहरु तथा निरक्षर युवा, गृहणी र प्रौढहरुका लागि वैकल्पिक शिक्षा (अब त पढौँ) को उचित व्यवस्था गरिनेछ।
११. विद्यालयहरुमा बालसंरक्षण मापदण्ड लागु गरी बालमैत्री बनाइनेछ । अभिभावक, शिक्षक र शिक्षकालाई बाल अधिकार तथा प्रजजन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण दिइनेछ।
१२. बालबालिकाहरुमा अन्तरनिहित प्रतिभाको विकासमार्फत सर्वाङ्गिण व्यक्तित्वको विकास गर्न बालबालिका केन्द्रित कला तथा साहित्य महोत्सव कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. शिक्षा, प्रविधि र उत्पादनलाई अन्तरसम्बन्धित गर्दै विद्यालय ब्राण्डिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ। डिजिटल स्कुल निर्माणका लागि डिजिटल कन्टेन्ट, डिजिटल पेडागोजी र डिजिटल मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

१४. **मेलौली बसौँ, मेलौलीमै पढौँ** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. **रमाईलो शुक्रबार** कार्यक्रम अन्तर्गत विद्यालयमा शिक्षा र सीप सिकाइका रुपमा शुरुवात गरी कार्यक्रमलाई सबलिकरण गरिनेछ।

१६. स्वचालित रुपमा शिक्षक पेशागत विकास र विद्यार्थी मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।

१७. सामुदायिक वद्यालयमा वर्षेनी बढ्दो विद्यार्थी भर्नादरलाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा पूर्वाधार विकास कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ।

१८. पुर्ण रुपमा वेसहारा बालबालिकाहरुका लागि **मेरो वडा मेरो अभिभावक** कार्यक्रम सञ्चालन गरिनेछ।

१९. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विपन्न विद्यार्थीहरुलाई सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

२०. विपन्न विद्यार्थिलाई उच्च शिक्षा अध्ययनका लगि बैंक तथा वित्तीय संस्थाहरुको सहकार्यमा अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ।

२१. स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि सहकारी/समूह मार्फत स्थानीय उत्पादनमा आधारित बनाइनेछ।

२२. अतिरिक्त कक्षा मार्फत शिक्षण सिकाइलाई थप प्रभावकारी बनाइनेछ।

### आ) युवा तथा खेलकूद

१ खेलकूद क्षेत्रको समग्र विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम खेलाडी उत्पादनमा जोड दिइनेछ।

२ नगर खेलकूद समिति सुदृढ गरी खेलकूद कार्यक्रम, प्रतियोगिता, प्रशिक्षण तथा खेलाडी व्यवस्थापनलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ।

३ "एक वडा, एक खेलमैदान" तथा "एक नगर, एक स्टेडियम" अवधारणाअनुसार खेल पूर्वाधार निर्माण, स्तरोन्नति तथा व्यवस्थापन गरिनेछ।

४ विद्यालयस्तरदेखि नगरस्तरसम्म खेलकूद प्रवर्द्धन गर्न खेल सामग्री वितरण, शिक्षक तथा प्रशिक्षक तालिम, राष्ट्रपति रनिङ शिल्ड, मेयर कप लगायतका प्रतियोगिता सञ्चालन गरिनेछ।

५ प्रतिभावान तथा विपन्न खेलाडीलाई छात्रवृत्ति, प्रोत्साहन, सम्मान तथा राष्ट्रिय–अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि सहयोग उपलब्ध गराइनेछ।

६ युवालाई उद्यमशीलता, सीप, नवप्रवर्तन, नेतृत्व विकास तथा स्वरोजगारसँग जोड्न "युवासँग मेयर" लगायत प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७ नगर युवा परिषद्लाई सशक्त बनाई युवा परिचालन, स्वयंसेवा, विपद् व्यवस्थापन, सरसफाइ तथा सामाजिक अभियानमा सक्रिय सहभागिता गराइने3छ।

८ खेलकूद, युवा प्रतिभा, क्लब तथा संस्थाहरूको अभिलेखीकरण, दर्ता, नियमन तथा क्षमता विकास गर्दै खेलमैत्री र सिर्जनशील वातावरण निर्माण गरिनेछ।

९ दुर्व्यसन, हिंसा, अपराध तथा सामाजिक विकृतिविरुद्ध युवा लक्षित सचेतना, पुनर्स्थापना तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१० मेलौली नगर स्टेडियमको अन्य भौतिक निर्माण कार्य सम्पन्न गरी सुविधा सम्पन्न नगर स्टेडियम बनाइनेछ।

### २. स्वास्थ्य

१ "स्वस्थ मेलौली, समृद्ध मेलौली" अभियानमार्फत गुणस्तरीय, सहज, सर्वसुलभ तथा चौबिसै घण्टा स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।

२ नगर अस्पताल निर्माण, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नगर स्वास्थ्य क्लिनिक, आयुर्वेद तथा प्रयोगशाला सेवाको विस्तार र स्तरोन्नति गरिनेछ।

३ मातृ तथा शिशु स्वास्थ्य सुधारका लागि पूर्ण संस्थागत सुत्केरी, निःशुल्क एम्बुलेन्स सेवा, बर्थिङ सेन्टर सुदृढीकरण, पोषण तथा सुनौला हजार दिन कार्यक्रम सञ्चालन गरिनेछ।

४ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह तथा सामुदायिक संस्थाको क्षमता विकास र परिचालनमार्फत समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिनेछ।

५ नसर्ने रोग, मानसिक स्वास्थ्य, महामारी तथा प्रकोपजन्य रोग नियन्त्रणका लागि पूर्वतयारी, स्वास्थ्य शिविर, जनचेतना तथा द्रुत प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ।

६ किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा जोखिममा रहेका नागरिक लक्षित स्वास्थ्य, पोषण, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७ स्वास्थ्य बीमा, निःशुल्क औषधि वितरण, विशेष रोग उपचार सहयोग तथा आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी र पहुँचयोग्य बनाइनेछ।

८ विद्यालय तथा समुदायस्तरमा योग, पोषण, सरसफाइ, आँखा स्वास्थ्य, लागूऔषध तथा धूम्रपान–मद्यपान न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

९ स्वास्थ्य सेवा प्रवाहलाई प्रविधिमैत्री, अभिलेखीकरणयुक्त तथा डिजिटल प्रणालीमा आधारित बनाउँदै स्वास्थ्य संस्थाको व्यवस्थापन र सुशासन सुदृढ गरिनेछ।

१० फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण, स्वच्छ वातावरण तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमार्फत सफा, स्वस्थ र सुरक्षित नगर निर्माण गरिनेछ।

११ प्रत्येक प्रसूति केन्द्र तथा स्वास्थ्य संस्थामा आवश्यक औषधि, उपकरण, प्रयोगशाला सामग्री र प्रसूति सेवाका लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्दै, पुराना स्वास्थ्य भवनको मर्मत तथा नयाँ भवन निर्माण गरी सेवा प्रवाहलाई सुदृढ गरिनेछ।

१२ गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) लागू गर्दै सेवा प्रभावकारिता र पहुँच वृद्धि गरिनेछ।

१३ पालिका स्तरमा पोषण मैत्री कार्यक्रम सञ्चालन गर्नुका साथै आँखा उपचार केन्द्र लगायतका विशेष स्वास्थ्य सेवाहरूलाई आवश्यक औषधि तथा उपकरणको व्यवस्थापनमार्फत सुदृढ गरिनेछ।

१४ स्वास्थ्य संस्थामा नियमित सेवा सञ्चालनका लागि विद्युत जडान तथा महसुल व्यवस्थापन गरिनुका साथै २४ सै घण्टा सेवा दिने स्वास्थ्यकर्मीहरूलाई अतिरिक्त सेवा भत्ताको व्यवस्था गरी सेवा प्रवाहलाई प्रोत्साहन गरिनेछ।

१५ प्राथामिक स्वास्थ्य केन्द्र हरुमा ल्याव सेवा विस्तार गरिने छ ।

### ३. महिला, बालबालिका तथा जेष्ठ नागरिक

१ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र महिला सशक्तिकरणमार्फत महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर सुधार गरिनेछ।

२ महिला तथा बालमैत्री नगर निर्माण गर्दै लैङ्गिक, बाल तथा अपाङ्गता अधिकारको संरक्षण, प्रवर्द्धन र व्यवहारिक कार्यान्वयन सुनिश्चित गरिनेछ।

३ लैङ्गिक तथा सामाजिक समावेशी परीक्षणमार्फत नगरको योजना, बजेट र सेवा प्रवाहलाई समावेशी, उत्तरदायी र न्यायसंगत बनाइनेछ।

४ महिला, बालबालिका, किशोरी तथा अपाङ्गता भएका व्यक्तिका लागि जीवनोपयोगी सीप, आत्मरक्षा, उद्यमशीलता तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५ एकल महिला, विपन्न तथा पछाडि परेका समुदायलाई लक्षित गरी सशक्तिकरण, स्वरोजगार तथा सीप विकास कार्यक्रममार्फत आत्मनिर्भर बनाइनेछ।

६ बालश्रम, बालविवाह, घरेलु हिंसा, लैङ्गिक हिंसा, छुवाछुत, छाउपडी तथा सामाजिक कुरीतिविरुद्ध सचेतना र नियन्त्रण अभियान सञ्चालन गरिनेछ।

७ अपाङ्गता भएका व्यक्तिहरूको सेवा पहुँच सुनिश्चित गर्दै निःशुल्क सेवा, सीपमूलक तालिम, उपचार सहयोग तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

८ जेष्ठ नागरिकको सम्मान, परिचयपत्र व्यवस्थापन, अधिकार संरक्षण तथा आत्मनिर्भर जीवनयापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९ महिला उद्यमशीलता, रोजगार सहभागिता, विपन्न महिला लक्षित कार्यक्रम तथा लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गरिनेछ।

१० सामाजिक संघ–संस्थासँग समन्वय गरी संरक्षण, पुनर्स्थापना, मनोसामाजिक सहयोग तथा समुदायमा आधारित सेवा प्रणाली सुदृढ गरिनेछ।

**४. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सबै वडा कार्यालयमार्फत अनलाइन प्रणालीमा आधारित, प्रभावकारी र पारदर्शी रूपमा सञ्चालन गरिनेछ ।

२. सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै सेवा प्रवाहलाई सुशासनयुक्त, सरल र नागरिकमैत्री बनाइनेछ।

३. "कोही नछुटुन, कोही नदोहोरिउन" भन्ने नाराका साथ सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४. वडास्तरबाट घटना दर्ता सप्ताह अभियान सञ्चालन गरी नागरिक सेवामा पहुँच विस्तार गरिनेछ।

५. अनलाइन गुनासो व्यवस्थापन प्रणाली लागू गरी सेवा प्रवाहलाई थप पारदर्शी र उत्तरदायी बनाइनेछ।

६. राष्ट्रिय परिचयपत्र तथा बायोमेट्रिक भेरिफिकेशन कार्यलाई सहज र व्यवस्थित बनाइनेछ।

७. सामाजिक सुरक्षा भत्ता वडास्तरबाटै वितरण गर्ने व्यवस्था मिलाइ सेवा प्रवाहलाई सहज बनाइनेछ।

८. विदुर तथा टुहुरा बालबालिकाहरुलाई नगरपालिकाबाट प्रदान गर्दै आइरहेको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइनेछ।

**५. मावन अधिकार तर्फ**

१. मानव अधिकारसँग सम्बन्धित आवश्यक ऐन तथा नियमावली तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

२. राष्ट्रिय मानव अधिकार आयोगसंगको समन्वयमा कानून कार्यान्वयन अवस्थाको बारेमा अध्ययन र अनुगमन गरिनेछ ।

३. मानव अधिकार तथा नगरिक कर्तव्य सम्बन्धी सचेतमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. मानव अधिकारसम्बन्धी नगरस्तरीय कार्यको अभिलेख व्यवस्थापन तथा अर्धवार्षिक र वार्षिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गरिनेछ ।

**ग) पूर्वाधार विकास तथा खानेपानी**

**१. पूर्वधार**

१. “वातावरणमैत्री पूर्वाधार विकास, मेलौली नगरपालिकाको प्रयास” भन्ने मूल नाराका साथ ९ वटै वडा कार्यालयसम्म सडक स्तरोन्नति र पूर्वाधार विकास गरिनेछ।
२. नगर क्षेत्रका सडक, यातायात तथा पूर्वाधार विकासलाई एकीकृत गुरुयोजना अनुसार प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।
३. सिमाना तथा प्रमुख पर्यटकीय क्षेत्र (ग्वाल्लेक–केदार) मा प्रवेशद्वार निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
४. योजना कार्यान्वयनलाई व्यवस्थित बनाउन बजेट कार्यान्वयन तालिका, योजना बैंक तथा नगर गौरवका आयोजना सूचिकरण गरिनेछ।
५. टोल विकास समितिको गठन तथा क्षमता विकासमार्फत योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
६. रकमान्तर तथा शीर्षक परिवर्तनलाई निरुत्साहित गर्दै वित्तीय अनुशासन कायम गरिनेछ।
७. योजना अनुगमन, मूल्याङ्कन र गुणस्तर नियन्त्रण प्रणालीलाई सुदृढ बनाइनेछ।
८. सबै पूर्वाधारलाई भवन संहिता, मापदण्ड तथा Right of Way निर्धारणका आधारमा नियमन गरिनेछ।
९. “एक घर एक धारा” अभियानलाई प्रभावकारी रूपमा अघि बढाइनेछ।
१०. कृषि योग्य जमिनमा सिँचाइ पूर्वाधार विस्तार गरी उत्पादन वृद्धि गरिनेछ।
११. वातावरण संरक्षणका लागि प्रत्येक योजनामा वृक्षारोपण कार्यक्रम अनिवार्य गरिनेछ।
१२. GIS आधारित भूमि वर्गीकरण तथा आधुनिक भूमि व्यवस्थापन प्रणाली लागू गरिनेछ।
१३. भूकम्प प्रतिरोधी भवन निर्माणका लागि सीप विकास तथा दक्ष जनशक्ति उत्पादन गरिनेछ।
१४. फोहोरमैला व्यवस्थापन तथा स्वच्छ नगर निर्माणका लागि आवश्यक नीति र पूर्वाधार विकास गरिनेछ।
१५. सार्वजनिक यातायात व्यवस्थापन, दर्ता, सूचिकरण तथा सेवा सुधारका लागि कार्यविधि लागू गरिनेछ।
१६. वडा भवन निर्माण तथा आधारभूत प्रशासनिक पूर्वाधार विस्तारलाई निरन्तरता दिइनेछ।
१७. विकास निर्माणमा गुणस्तर सुनिश्चित गर्न सिभिल इन्जिनियरिङ ल्याब स्थापना गरिनेछ।
१८. बैतडी जिल्लाको तल्लो सोराड (मेलौली नगरपालिका) मा स्थापना भएको इलाका प्रशासन कार्यालयलाई व्यवस्थित गर्न आवश्क भौतिक पूर्वाधार निर्माण गरी नागरिकहरुलाई सहज सेवा प्रदान गर्न सहजीकरण गरिनेछ ।
१९. समुदायहरुको समान सहभागिता सहित खोला-खोल्सी, पोखरी, मुहान, कुवा, नौला लगायत पानीका स्रोहरुको संरक्षण, सम्बर्द्धन र व्यवस्थान सम्बन्धी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ ।
२०. सुदृढ क्षमता र सक्षम अवस्थाको लागि सम्बन्धित पक्षहरु (निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा कृषि समुहहरु, सामुदायिक वन समुहहरु, नागरिक समाज, कबलियती तथा निजी वन समुहहरु खानेपानी तथा सिँचाइ उपभोक्ता समितिहरु) सँग कुशल ज्ञान साझेदारी तथा क्षमता विकास गरी समावेशी सुशासन कायम गर्दै लगिनेछ।

## २. नविकरणीय उर्जा/विद्युत

१. सौर्य तथा नवीकरणीय ऊर्जालाई सिंचाइ, स्वास्थ्य, शिक्षा, खानेपानी र सडक बत्ती लगायत क्षेत्रमा विस्तार गर्दै उपयोगमा ल्याइनेछ।
२. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा सम्बन्धित निकायसँग सहकार्य गरी नवीकरणीय ऊर्जा प्रविधिको विकास, विस्तार र दिगोपनामा जोड दिइनेछ।
३. विद्युत पहुँच नपुगेका टोल तथा बस्तीमा विद्युत सुविधा विस्तार गर्न आवश्यक पहल गरिनेछ।
४. बिग्रिएका लघु जलविद्युत आयोजना, सौर्य सडक बत्ती तथा संस्थागत सोलार प्रणालीको मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याइनेछ।
५. उर्जामा आधारित सीप विकास तालिममार्फत महिला, विपन्न र सीमान्तकृत वर्गको रोजगारी तथा आर्थिक सशक्तिकरण गरिनेछ।
६. नवीकरणीय ऊर्जा प्रयोग गर्ने उद्यम तथा व्यवसायलाई प्रोत्साहन गरिनेछ।

**३. नापी, भवन अभिलेखिकरण तथा घर नक्सा पास**

१. यस नगरपालिका क्षेत्रभित्र भवन मापदण्ड लागु हुनु पूर्व निर्माण भएका घरहरुको लागि एकपटक सूचना प्रकाशन गरी सुचिकृत गरिनेछ ।
२. यस पालिका क्षेत्रभित्र निर्माण हुने घरहरुको लागि नक्सा पास अनिवार्य गरिनेछ ।
३. यस नगरपालिकामा **अभिलेखीकरण कार्यविधि, २०८१** स्वीकृत भइ घरहरु सूचीकृत गर्ने कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।
४. यस नगरपालिका भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गामा बनेका संरचनाहरु पहिचान गरी हटाउने कार्यलाइ निरन्तरता दिइनेछ।

**४. भूमितर्फ**

१. भूमिशाखा स्थापना गरी आवश्यक जनशक्ति व्यस्थापन गरेर नगरपालिकाभित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासि र अव्यवस्थित बसोबासिको हालसम्म संकलन भएको लगत प्रविष्ट गर्ने लगायतका भूमि सम्बन्धी सबै कार्य सम्पन्न गरिनेछ।

**५. योजना/अनुमगन तर्फ**

१. यस नगरपालिकामा संञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन सम्बन्धमा प्रत्येक वडाका जनप्रतिनिधि तथा वडा सचिवहरुलाई र उपभोक्ता समितिका पदाधिकारीहरुका लागि समेत अभिमूखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
२. प्रत्येक वडाहरुमा गई योजना सम्झौता तथा भुक्तानी कार्यलाई विस्तार गरिनेछ ।
३. नगरपालिकाको समग्र विकासलाई दीर्घकालीन दृष्टिकोणमा आधारित, व्यवस्थित र परिणाममुखी बनाउन सामाजिक, आर्थिक, भौतिक तथा संस्थागत क्षेत्रलाई समेट्दै आवधिक योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
४. नगरपालिकाको विकास योजनालाई व्यवस्थित, प्राथमिकतामा आधारित र दीर्घकालीन रुपमा प्रभावकारी बनाउन सबै सम्भावित आयोजनाहरुको सूचीकरण, वर्गीकरण र अद्यावधिक गर्दै **"योजना बैंक"** स्थापना गरी कार्यान्वयन गरिनेछ।
५. नगरपालिकाको विकास योजना वार्षिक बजेटलाई दीर्घकालीन लक्ष्यसँग आवद्ध गर्दै स्रोत साधनको यथार्थपरक अनुमान, प्राथमिकता निर्धारण र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न मध्यकालीन खर्च संरचना (MTEF) निर्माण गरी लागू गरिनेछ।

**घ) वन, वातावरण तथा विपद् ब्यवस्थापन**

**१. वन संरक्षण तथा दिगो व्यवस्थापन**

- सामुदायिक तथा निजी वनको संरक्षण, प्रवर्द्धन र दिगो व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- वन अतिक्रमण तथा अवैध वन कटानी नियन्त्रणका लागि प्रभावकारी अनुगमन प्रणाली सुदृढ गरिनेछ।
- वृक्षारोपण अभियान सञ्चालन गरी हरियाली विस्तार गरिनेछ।
- जैविक विविधता संरक्षण तथा वन्यजन्तु संरक्षणका कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- **"हरित नगर, स्वस्थ जीवन"** भन्ने मूल नाराका साथ श्रावण पहिलो सातालाई वृक्षारोपण सप्ताहका रूपमा मनाई नगरभर सामुदायिक सहभागितामा वृक्षारोपण, संरक्षण र हरियाली प्रवर्द्धन गरिनेछ।

**२. वातावरण संरक्षण तथा सरसफाइ व्यवस्थापन**

- नगरपालिका भित्रको फोहोरलाई व्यवस्थापन गर्नको लागि डम्पिङ साइट निर्माण गरिनेछ।
- नगर क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

- प्लास्टिकजन्य फोहोर न्यूनीकरणका लागि जनचेतनामूलक तथा वैकल्पिक सामग्री प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- नदी, खोला, सार्वजनिक स्थल तथा बजार क्षेत्रको नियमित सरसफाइ अभियान सञ्चालन गरिनेछ।
- वायु, जल तथा ध्वनि प्रदूषण नियन्त्रणका लागि आवश्यक मापदण्ड कार्यान्वयन गरिनेछ।

### ३. जलवायू परिवर्तन अनुकूलन

- खाद्य सुरक्षा र आय वृधिको प्रवर्धन गर्न जलवायुवन प्रणाली-स्मार्ट कृषि तथा कृषि-, प्राकृतिक स्रोतहरूको दिगो उपयोग लगायत सामुदायिक वन व्यवस्थापनका र बातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछन जस अन्तरगत - जलवायु उत्थानशील कृषि तथा कृषिवन सम्बन्धी क्रियाकलापहरु , जलवायु उत्थानशील सिंचाइ योजनाहरु, सुधारिएको चुलो तथा सुधारिएको घट्ट सम्बन्धिका योजनाहरु लगायत वन समुहहरु तथा प्राकृतीक स्रोतको दिगो व्यवस्थापन सम्बन्धि क्रियाकलापहरु कार्यान्वयन गरिनेछन ।
- समुदायहरूको समान सहभागिता सहित  खोलाखोल्सी -, पोखरी, मुहन, कुवा, नौला लगायत  पानीका स्रोतहरूको सरक्षण, सम्बर्धन र ब्यवस्थापन सम्बन्धि बिभिन्न गतिबिधिहरु सञ्चालन गरिनेछन जस  अन्तर्गत जलवायु उत्थानसिल खानेपानी तथा सरसफाइ र बहुपयोगी क्षेत्रका योजनाहरु कार्यान्वयन गरिनेछन ।
- सुदृढ क्षमता र सक्षम अवस्थाको लागि सम्बन्धित पक्षहरू निजी क्षेत्र), सहकरी ,सामुदायिक संस्था तथा कृर्षी समुहहरु, सामुदायिक बन समुहहरु, नागरिक समाज, कबिलयती तथा निजी बन समुह हरु,  खानेपानी तथा सिंचाइ उपभोक्ता समितिहरुसँग कुशल ज्ञान साझेदारी तथा क्षमता विकास गरी समाबेशी सुशासन कायम गर्दै लगिनेछ। (

### ४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

- विपद् पूर्व तयारी, प्रतिकार्य तथा पुनःस्थापना प्रणालीलाई संस्थागत गरिनेछ।
- विपद् सूचना तथा पूर्वचेतावनी प्रणाली लागु गरिनेछ ।
- विपद् राहत तथा उद्धार कार्यका लागि आवश्यक सामग्री तथा जनशक्ति व्यवस्थापन गरिनेछ।
- विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रूपमा सञ्चालन गरी आपतकालीन अवस्थामा प्रयोग गरिनेछ।
- जोखिमयुक्त बस्ती तथा क्षेत्रको पहिचान गरी सुरक्षित स्थानान्तरण तथा संरचना निर्माण गरिनेछ ।
- विपद् जोखिमलाई कम गर्न विपद् प्रतिकार्य सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

### ५. वातावरणमैत्री पूर्वाधार तथा हरित विकास

- वातावरणमैत्री पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।
- हरित सडक, पार्क, खुला क्षेत्र तथा सार्वजनिक स्थलहरूको विकास गरिनेछ।
- विकास योजनामा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ। ।
- नदी नियन्त्रण, भू-क्षय रोकथाम तथा संरक्षण संरचना निर्माण गरिनेछ।

### ङ) कानून, सुशासन तथा संस्थागत विकास क्षेत्र

१. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक भेला र सार्वजनिक परीक्षणलाई प्रभावकारी बनाई सुशासन सुदृढ गरिनेछ।
२. नगरको विद्युतीय पार्श्वचित्र तयार गरी नागरिकको सामाजिक–आर्थिक अवस्था र सेवा विवरण व्यवस्थित गरिनेछ।
३. अनलाइन नागरिक गुनासो व्यवस्थापन प्रणाली लागू गरी सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाइनेछ।
४. "बेरुजु हटाऔँ, बेरुजु घटाऔँ" अभियान सञ्चालन गर्दै आर्थिक अनुशासन कायम गरिनेछ।
५. कर्मचारी प्रोत्साहन तथा नसिहत प्रणालीलाई निरन्तरता दिइनेछ।

६. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि तालिम, गोष्ठी र अध्ययन भ्रमण सञ्चालन गरिनेछ।
७. शून्य सहनशीलताको नीति अपनाउँदै भ्रष्टाचार, अपारदर्शिता र ढिलासुस्ती नियन्त्रण गरिनेछ।
८. सुझाव पेटीका र नागरिक सहभागितामार्फत सेवा प्रवाहलाई सुधार गरिनेछ।
९. नियमित बजार अनुगमन गरी गुणस्तरीय वस्तु तथा सेवा सुनिश्चित गरिनेछ।
१०. न्यायिक समितिको क्षमता विकास गर्दै छिटो, छरितो र प्रभावकारी न्याय सम्पादन गरिनेछ।
११. स्थानीय ऐन, कानुन संग्रह प्रकाशन गरी वेबमा समेत सार्वजनिक गरिनेछ।
१२. मानव अधिकार संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
१३. जनप्रतिनिधि र कर्मचारीको आचारसंहिता कार्यान्वयनलाई कडाइका साथ लागू गरिनेछ।
१४. मदिरा नियन्त्रणका लागि आवश्यक कानुनी व्यवस्था गरी नियमन गरिनेछ।
१५. कानुन तथा कार्यविधि निर्माणमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरिनेछ।
१६. विषयगत शाखा सुदृढ गर्दै समन्वयात्मक रूपमा कार्यक्रम कार्यान्वयन गरिनेछ।
१७. सेवा प्रवाह सुधारका लागि कर्मचारी सरुवा र पुनः परीक्षा प्रणाली लागू गरिनेछ।
१८. नगर सभाहललाई प्रविधिमैत्री बनाइ डिजिटल सेवा प्रवर्द्धन गरिनेछ।
१९. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAs) सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
२०. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापन गरिनेछ ।
२१. करार सेवामा कार्यरत कर्मचारीहरूको मनोबल अभिवृद्धि गर्दै कार्यसम्पादनमा प्रभावकारिता ल्याउनको लागि प्रचलित कानून बमोजिमको तलब भत्ता उपलब्ध गराइनेछ ।

**न्यायिक**

१. "नागरिकसँग न्यायिक समिति" कार्यक्रमलाई निरन्तरता दिँदै न्यायिक समिति तथा मेलमिलाप केन्द्रको पहुँच र जनचेतना विस्तार गरिनेछ।
२. न्यायिक कार्यसम्पादनलाई छिटोछरितो, विश्वसनीय, प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ।
३. असहाय, बेसहारा र विपन्नका लागि अन्तरिम संरक्षणात्मक आदेश कार्यान्वयन कोष स्थापना गरी कानुनी सहायता प्रदान गरिनेछ।
४. न्यायिक समिति तथा मेलमिलापसम्बन्धी कानूनी सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
५. मेलमिलापकर्ताको क्षमता विकासका लागि तालिम सञ्चालन गरी सेवा सुदृढ गरिनेछ।
६. कानूनका विद्यार्थीका लागि इन्टर्नशीप कार्यक्रमलाई निरन्तरता दिइनेछ।
७. वडा मेलमिलाप केन्द्र तथा न्यायिक समिति सञ्चालनलाई प्रभावकारी बनाइनेछ।
८. अन्य स्थानीय तहसँग न्यायिक कार्यसम्पादनमा सहकार्य तथा असल अभ्यास आदान–प्रदान गरिनेछ।
९. "न्यायिक सूचना तथा सञ्चार सेवा"लाई थप प्रभावकारी बनाइ प्रमाण संकलन तथा सेवा प्रवाह सुदृढ गरिनेछ।
१०. जनप्रतिनिधि र कर्मचारीका लागि नयाँ ऐन–कानून सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

**च) सूचना प्रविधि तथा संचार सम्बन्धी नीति व्यवस्था:**

१. **"सूचना र सञ्चार, सर्वाङ्गीण विकासको आधार"** नीतिअनुसार सबै वडा कार्यालयमा गुणस्तरीय इन्टरनेट सेवा सुनिश्चित गरिनेछ।
२. ई–गभर्नेन्स प्रणालीमार्फत सेवा प्रवाहलाई डिजिटल, पारदर्शी र प्रभावकारी बनाइनेछ।
३. सबै राजस्व संकलनलाई सफ्टवेयर प्रणालीमार्फत बिलिङ गरी व्यवस्थापन गरिनेछ।
४. दूरसञ्चार सेवा विस्तारका लागि टेलिकम टावर स्थापना गर्न संघ र प्रदेशसँग समन्वय गरिनेछ।
५. सार्वजनिक सुरक्षाका लागि थप सीसीटीभी जडान गरी प्रविधिमैत्री सुरक्षा प्रणाली लागू गरिनेछ।

६. नगर डाटा बैंक स्थापना गरी तथ्याङ्कमा आधारित योजना निर्माण गरिनेछ। साथै सबै कार्यालयमा ई–हाजिरी प्रणाली लागू गरिनेछ।

७. ‘‘हेलो मेयर कार्यक्रम’’लाई निरन्तरता दिइनेछ ।

८. युवालाई मध्यनजर गरी डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ ।

**नगर सभासदस्यहरु**

अब म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स. | बजेट श्रोत | अनुमानित रकम | अक्षरमा |
|---|---|---|---|
| १. | राजश्व बाँडफाँड संघ | ९१११७००० | ९ करोड ११ लाख १७ हजार |
| २. | राजश्व बाँडफाँड प्रदेश | ४६२७००० | ४६ लाख २७ हजार |
| ३. | वित्तीय समानिकरण सँघ | ९४५००००० | ९ करोड ४५ लाख |
| ४. | वित्तीय समानिकरण प्रदेश | ८४५७००० | ८४ लाख ५७ हजार |
| | **कुल जम्मा** | **१९८७०१०००** | **१९ करोड ८७ लाख १ हजार** |

यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

अन्त्यमा,
यस नीति कार्यक्रम एवम् बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगर उप प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनुहुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु ।

भीम बहादुर चन्द
नगर प्रमुख
मेलौली नगरपालिका